# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ४ ] काठमाडौं माघ ११ गते २०११ साल [ संख्या २४

## भाग १

## सल्लाहकार सभाको सूचना

६७ ७–१०–०११

सल्लाहकार सभाको पौष २१। २०११ को बैठकमा सल्लाहकार सभाका सदस्य श्री तारादेवी शर्माले पेश गर्नुभएको "नेपाल विवाह बिल, २०११" सल्लाहकार सभाको कार्य–सञ्चालन तथा कार्यविधिको नियमधारा ८६ अनुसार तल प्रकाशित गरिएको छ।

## नेपाल विवाह बिल, २०११
## सल्लाहकार सभा नेपालमा पेश गरिएको

प्रचलित वैवाहिक व्यवस्थाका दोषहरू हटाई युग सुहाउँदो एक नयाँ न्यायोचित वैवाहिक व्यवस्था र तत्सम्बन्धी नारी अधिकारको व्यवस्थापनका निमित्त पेश गरिएको बिल।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सल्लाहकार सभाका सल्लाहले श्री ५ महाराजाधिराजबाट देहायबमोजिमको ऐन जारी गरिबक्सिएको छ ।

१. (१) यस ऐनको नाम "नेपाल विवाह ऐन, संवत् २०११" रहेको छ ।

(२) यो ऐन पास भएको मितिदेखि लागू हुनेछ ।

(३) यो ऐन नेपाल देशभरमा लागू हुनेछ ।

२. परिभाषाः— विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा देहायका शब्द वा शब्दहरूको अर्थ देहायबमोजिम हुनेछ ।

(१) बहु विवाहः— पतिले पत्नी छँदा छँदै अर्को स्त्रीसित विवाह गर्नु र पत्नीले पति छँदा छँदै अर्को पुरुषसित विवाह गर्नु बहु विवाह हो ।

(२) बाल विवाह— यसले १८ वर्ष नपुगेकी कन्याको विवाह एवं २१ वर्ष नपुगेको केटाको विवाहलाई जनाउँदछ ।

(३) अनमेल विवाह— यसले उमेर नमिलाई गरेको विवाहलाई जनाउँदछ ।

(४) विधवा विवाह र विधुर विवाहः— पति मरेपछि अर्को विवाह गर्नु विधवा विवाह हो र पत्नी मरेपछि अर्को विवाह गर्नु विधुर विवाह हो ।

(५) अवैध विवाह— विवाहकालमा मुलुकी ऐनमा लेखिएको ठूलो अंगभङ्ग भएका स्त्री पुरुषसित वा गर्भिणीसित कुनै किसिमले झुक्याई, ढाँटी वा जबर्दस्ती गरेको विवाह अवैध विवाह हो ।

३. बहु विवाह निषेध र सजाय —(१) अबउप्रान्त बहु विवाह गर्न हुँदैन । यस्तो विवाहलाई विच्छेदित गरी विवाह गर्नेलाई एक वर्ष कैद नै हुन्छ । विवाह गराउने पुरोहित र अरू सहायकहरूलाई रु २००। दुइशयका दरले दण्ड हुन्छ ।

बाल विवाह निषेध र सजाय —(२) अबउप्रान्त बाल विवाह गर्न हुँदैन । यस्तो विवाहलाई विच्छेदित गरी सो गर्ने गराउनेलाई तीन महिनादेखि एक वर्षसम्म कैद हुन्छ । पुरोहित र अरू सहायकलाई जनही रु २००। दुइशय दण्ड हुन्छ ।

१९६ आधिकारिकता प्रदेश विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनमेल विवाह निषेध र सजाय—(३) [अबउप्रान्त अनमेल विवाह गर्न हुँदैन। अनमेल विवाह गर्ने गराउनेलाई सो विवाह विच्छेदित गरी तीन महिनादेखि दुइ वर्षसम्म अवस्था हेरी कैद नै हुन्छ। पुरोहित र अरू सहायकहरूलाई रु २००। दुइशयदेखि ५००। पाँचशयसम्म जनही दण्ड हुन्छ। बर वधूको उमेरमा ७ वर्षभन्दा बढीको फरक हुनु हुँदैन।]

अपवाद—उमेर नपुगेकाहरूका हकमा माथि दफा दफामा लेखिएका कैद र सजाय गर्नुपर्दैन। केवल विवाह विच्छेदित गरी छोडिदिए हुन्छ।]

विधवा विवाह र विधुर विवाह गर्न हुने अवस्था— (४) निम्नलिखित शर्त पूरा भएमा अबउप्रान्त विधवा विवाह वा विधूर विवाह गर्न हुन्छ।

(क) विधवा ३५ पैंतीस वर्ष नाघेकी र सन्तान भएकी हुनु हुँदैन।

(ख) विधुर ४५ वर्ष नाघेको र सन्तान भएको नहोस्।

अपवादः— सन्तान भएकाले विवाह गरेमा सो विहाह विच्छेदित गरी विबाह गर्नेलाई सन्तानको संख्या हेरी रु. २०० देखि रु. ५०० सम्म दण्ड गर्नू।

अवैध विवाह निषेध र सजायः— (५) अबउप्रान्त अवैध विवाह गर्न हुदैन। सो गर्ने गराउनेलाई अवस्था हेरी तीन महिनादेखि एक वर्षसम्म कैद नै हुन्छ र सो विवाह पनि विच्छेदित हुन्छ।

५. विवाहका अनिवार्य शर्तहरूः— दुइ व्यक्तिमा विवाह निम्न लिखित शर्त पूरा भएमा नै हुन सक्दछ।

(१) विवाहको निमित्त दुवैको स्वीकृति होस्।

(२) दुवै पक्षमा कसैको पति या पत्नी नहोस्।

(३) दुवैमा कोही पनि विवाहको समयमा पागल, क्षयपीडित कुष्ठी पक्षाघात भएको र नपुंसक नहोस्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) वरको उमेर २१ वर्ष र कन्याको उमेर अठार १८ वर्षभन्दा कम नहोस्।

(५) वर वधू दुवै सपिण्ड र सगोत्री नहुन्। सपिण्ड र सगोत्रीमा कति पुस्ता वार्ने हो यसको विचार प्रचलित व्यवहारअनुसार नै हुनेछ।

६. <u>विवाहकालको हद</u>:— स्त्रीले ४५ वर्ष नाघेपछि र पुरुषले ५० वर्ष पुगेपछि विवाह गर्न हुँदैन। यस ऐनको विरुद्ध चल्नेलाई रु. २५ देखि रु. १०० सम्म न्यायाधीशका तजवीजले दण्ड हुन्छ।

७. <u>वैवाहिक अधिकारको वापसी</u>:— यदि पति पत्नी एकसाथ बस्न चाहदैनन् र विवाह विच्छेदन गर्न पनि चाहदैनन् भने उनीहरू अलग बस्ने प्रार्थना न्यायालयसित गर्न सक्दछन् र त्यसको अनुमति निम्न लिखित कारणहरू भएमा न्यायालयले दिन सक्दछ तर यस स्थितिमा उनीहरू कसैसित विवाह गर्न सक्दैनन्।

(१) यदि पति पत्नी कुनै एकले दुइ वर्षदेखि अर्कोलाई त्यागिदिएको छ भने।

(२) यदि दुवैमध्ये कुनै एकले यस्तो निर्दय व्यवहार गरेको छ कि सँग बस्दा दुवैमध्ये कुनै एकको वा दुवैको सुरक्षा असम्भव हुन्छ भने।

(३) यदि पति पत्नीमध्ये कुनै एकको दिमाग खराब भएको छ भने।

(४) यदि दुवैमध्य कसैलाई कुष्ठरोग भएको छ भने।

(५) यदि पतिले उपपत्नी वा पत्नीले उपपति राखेकी छ वा वेश्यावृत्ति गर्दछे भने।

८. <u>विवाह विच्छेदका शर्तहरू</u>:— कुनै पनि विवाह—चाहे त्यो कानून बन्नुभन्दा पहिलेको किन नहोस् बदर गर्न सकिन्छ, यदि पति पत्नीमध्ये कुनै एकले निम्न लिखित कारण वा कारणहरू पेश गर्न सक्दछन् भने।

(१) पतिले उपपत्नी वा पत्नीले उपपति राखेकी छ भने।

२९५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) पति पत्नीमध्ये कुनै एकले धर्मपरिवर्तन गरेको छ भने ।

(३) यदि दुवैमध्ये कुनै एकलाई कुष्ठ भएको छ भने र तीन वर्षसम्म पनि निको हुने सम्भावना देखिएको छैन भने ।

(४) यदि दुवैमध्ये कुनै एकलाई पागलपनको बिमारी भएको छ र तीन वर्षसम्म पनि निको हुने सम्भावना देखिएको छैन भने ।

(५) पति पत्नीमध्ये कुनै एकको तीन वर्षदेखि पत्ता लागेको छैन भने ।

(६) न्यायालयबाट वैवाहिक अधिकारको वापसी लिएको दुइ वर्ष बितिसकेको छ भने ।

९. दम्पतीको सम्पत्ति अधिकार :— (१) विवाह भएपछि पति पत्नी दुवैको सम्पत्तिमा बराबर अधिकार हुन्छ र पतिको स्वीकृतिविनापत्नीले र पत्नीको स्वीकृतिविना पतिले सम्पत्ति बेच बिखन गर्न पाउँदैन ।

(२) पति पत्नी पृथक् रहेछ अवस्थामा सम्पत्तिपको आयको वितरण दुवैमा बराबर हुनेछ ।

१०. बालकहरूको सँरक्षणको अधिकारः— छुट्टिएपछि वा विवाह विच्छेद भएपछि उमेर नपुगेसम्म छोरा छोरीहरू आमाका साथ रहनेछन् र उनीहरूको पालन पोषण पढाइको खर्च बाबुले भर्नुपर्नेछ।

११. दाइजो निषेध र छोरीको अंशाधिकारः— (१) छोरीलाई दिन उपहार जस्तै, एक दुइ जोर लुगा गहनाहरू सिवाय अरू कुनै किसिमको दाइजो लिन दिन हुँदैन। दाइजो दिनेलाई तीन महिना र दाइजो लिनेलाई ६ महिना कैद नै हुनेछ ।

(२) बाबु आमाको सम्पत्तिमा छोरा छोरी दुवैको बराबर हक लाग्दछ; छोराको अभावमा छोरी नै बाबु आमाको सम्पत्तिको पूर्ण उत्तराधिकारीणी हुनेछे, यदि छोराको पनि कोही उत्तराधिकारी छैन भने ।

(३) बाबु आमाको अंश भाग जति आमा बाबुको साथ रहने छोराक हुनेछ ।

२९६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२. विवाहमा फजुल खर्च रोक्ने:— विवाहमा २५ जवानभन्दा बढी जन्ती लैजान र ५०० भन्दा बढी खर्च गर्न हुँदैन। यस ऐनको विरुद्ध आचरण गर्नलाई रु ५०० देखि ५००० सम्म दण्ड हुन्छ।

## उद्देश्य र कारणहरूको विवरण

विवाह भनेको जीवनको सबैभन्दा महत्वपूर्ण घटना हो। तर, हाम्रा देशमा वैवाहिक व्यवस्था अत्यन्त दोषपूर्ण छ। जस्ले महिलाहरूको गौरवमा धक्का पुर्‍याएको छ र समाजमा अनेक दुराचार फैली समाज र देशको नैतिक आधार नै खलबलिएको छ।

समाजको चारित्रिक स्तर उच्चा उठाउन र बहुविवाह आदिद्वारा महिलाहरू उपर हुन अत्याचार अन्याय भइरहेको छ। त्यसलाई रोक्नु अत्यन्त आवश्यक भएकोले यो बिल यस सभाको समक्ष पेश गरिएको छ।

आज्ञाले—
द्रु.लक्षेश्वर शर्मा,
सेक्रेटरी—सल्लाहकार सभा सचिवालय.

## पब्लिक सर्भिस कमिशनको सूचना

११८६

उमेदवारले दिइने दरखास्तहरुमा प. स. क. लाई चाहिने जति कुरा पर्याप्त तथा एकनाशको होस् भन्ने हेतुले प.स.क. दरखास्त फाराम नं. १ (२०१०) सबै उमेदवारहरुलाई विनामूल्य वितरण गरिएको छ। जहाँ प.स.क. बाट सोझै दरखास्त फाराम पठाउदा धेरै समय लाग्न जान्छ। त्यहाँका निमित्त दरखास्त फाराम-सुलभ होस् भन्ने विचारले प्रत्येक माल गढी गौंडा गोश्वारा र हुलाकमा एक एक प्रति नमूना पठाइदिएको छ। सो नमूनाबमोजिम सादा कागतमा लेखी भरी पठाए पनि हुने गरिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर जुन उद्देश्यले प.स.क. ले दरखास्त फाराममा उमेदवारको दरखास्त भराएर लिन चाहेको हो, सोबमोजिम धेरैजसो उमेदवारले दरखास्त फाराममा पूरा पूरा नभरेको र कैयन् दफाको जवाबै नभरेको देखियो। यस्तो अपूरो भराइबाट जान्नपर्ने कुरा जान्न नपाई कमिशनलाई अपठ्यारो मात्र हुने होइन कि उमेदवारहरूकै हानि हुने प्रत्यक्ष छ। अपूरो भरिएको दरखास्त स्वीकृत नहुने भएकोले दरखास्त फारामको प्रत्येक दफा राम्ररी रीतपूर्वक भरेर पठाउनाका निमित्त उमेदवारहरूलाई सूचना गर्ने काम भएको छ।

उमेदवारहरूको जानकारीका निमित्त दरखास्त फाराम भर्दा याद राख्नुपर्ने केही कुरा तपसीलमा दिइएको छ।

१. दरखास्त फाराम प.स.क. नं १ (२०१०) मा दिइएका दफाहरूमध्ये कुनै पनि बेमतलबसित राखिएको छैन। अतएव सबै भरिन पर्दछ। कुनै दफामा केही लेख्ने विषय नभएमा नकारात्मक गुणन चिन्ह (×) लेख्नुपर्दछ।

२. जन्मको मिति लेख्ने दफामा उमेर खुलेको एस्.एल्.सी म्याट्रिक इत्यादि पास गरेको अथवा जनसंख्याको सर्टिफिकेट, सो नभए जन्म–पत्रिका इत्यादि विश्वसनीय प्रमाणको नक्कल पेश गर्नुपर्छ।

३. नागरिकताको दफामा नेपालको नागरिक भएमा नेपाल नागरिकता ऐनको कुनै दफाले नेपाली नागरिक हुनुहुन्छ? नागरिकता ऐनको ठीक दफाको अङ्क र उपदफा भए सोसमेत खोली लेख्नुपर्छ।

४. शिक्षासम्बन्धी योग्यताका दफामा कसै कसैले आफूले सबभन्दा माथिल्लो उत्तीर्ण भएको परीक्षा मात्र उल्लेख गरेको देखियो। दरखास्तको यस दफामा नेपाली मध्यमा एस्. एल. सी. संस्कृत मध्यमा अथवा तीसरहका हिन्दी परीक्षा तथा सोभन्दा उच्च शिक्षा प्राप्त भएका भए समयको क्रम मिलाएर आफू उत्तीर्ण भएका सबै परीक्षाको बेहोरा दिनुपर्छ।

५. आफ्नो चरित्रसम्बन्धी प्रशंसापत्र कसैबाट प्राप्त गरिएका छन् भने तिनका रीतपूर्वकका नक्कल पेश गर्नुपर्छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. आफूले गरिआएको कामको बयान आदिदेखि अन्तसम्म समयको क्रम मिलाएर छोटकरीमा दिनुपर्छ ।

७. दफा दफामा पेश गर्नुपर्ने भनी लेखिएको आफूले पाएको योग्यता प्रशंसा इत्यादिका प्रमाणपत्रका नक्कलमा सकलबमोजिम नक्कल दुरुस्त छ भनी सहि गरी सो नक्कलहरू दरखास्तसाथ पेश गर्नुपर्छ ।

८. सरकारी जागीरमा बहाल रहेका जागीरदारले आफ्ना हाकिममार्फत र हाकिमले चाहिं आफ्नो दरखास्त तैनाथवाबामार्फत पठाउनुपर्छ ।

आज्ञाले,

खड्गमान मल्ल एम्. ए.

सेक्रेटरी—पब्लिक सर्भिस कमिशन.

## पब्लिक सर्भिस कमिशनको विज्ञापन नं २६

३–१०–०११

स्वास्थ्यमन्त्रालय–अन्तर्गत बीर फिमेल अस्पतालका निमित्त एक जना लेडी डाक्टर चाहिएको छ । उमेद्वारहरूले प. स. क. फाराम नं. १ (२०१०) मा भरी २०११ साल फाल्गुन ३० गते रोज १ सम्ममा पुग्ने गरी तलको ठेगानामा दरखास्त दिनुहोला । दरखास्त फारामको नमूना प्रत्येक हुलाक गढी गौंडा गोस्वारामा पनि पाइनेछ ।

पदको विवरण यस प्रकार छः—

१. पदः— लेडी डाक्टर, गजेटेड स्थायी तथा पेन्शन पाइने ।

२. आवश्यक न्यूनतम योग्यताः—एम्. बी. बी. एस्. ।

३. अभ्यास अवधिः—६ महिना ।

४. मासिक तलब स्केलः—रु. १८०–३६० नेपालीलाई । अनेपालीले स्वीकार्य निम्नतम तलब स्केल अंकित गर्नुपर्छ ।

(122) आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. मासिक महँगी भत्ताः—रु २०

६. विशेष सहूलियतः— अनेपाली भएमा नसजिएका फ्री क्वार्टर्स वा क्वार्टर नपाएमा घर भाडा मासिक मोरु ५०। दिइनेछ।

आज्ञाले—

खड्गमान मल्ल एम्. ए.

सेक्रेटरी—पब्लिक सर्भिस कमिशन,

सिंहदरवार काठमाडौं नेपाल,

## कानूनमन्त्रालयको सूचना।

### भूल–सुधार

०९ सालमा दोस्रा पटक छापिएको मुलुकी ऐन चौथा भागको गाली बेइज्जती महलको ४ नं. को पाँचौं हरफमा 'कैदै' लेख्नुपर्नेमा 'कैद' भन्ने लेखी छापिएको र शुद्धाशुद्धिमा समेत सो भूल छुट्न गएकोले भूल–सुधार गरिएको छ।

आज्ञाले—

तिलकशमशेर,

सेक्रेटरी— कानूनमन्त्रालय,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।